# प्रेस विज्ञप्ति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३ बमोजिम सञ्चालित सङ्घीय सञ्चित कोष, वैदेशिक अनुदान र ऋण सहायता, लगानी एवम् नेपाल सरकारका बजेटरी तथा गैर बजेटरी निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरू समेतको कारोबारहरूलाई समेटी सोही ऐनको दफा २९ को उपदफा (१) एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७५ को उपनियम (४) बमोजिम तयार गरिएको आर्थिक वर्ष २०८०।८१ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण कानूनले तोकेको समयभित्रै आज मिति २०८१।०७।१४ गते माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यू समक्ष पेश गरिएको छ ।

नेपाल सरकारबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचा अनुरूप तयार पारिएको यो प्रतिवेदन नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) बमोजिम तयार पारिएको विवरण पेश गर्दै महालेखा नियन्त्रकज्यूबाट यस वित्तीय विवरण तयार गर्ने कार्यमा संलग्न सबैको अथक प्रयासबाट कानूनले तोके बमोजिमको समयावधिभित्र स्वीकृत लेखामानमा आधारित प्रतिवेदन भई नेपाल सरकारको कारोबारको यथार्थ वित्तीय अवस्थाको चित्रण गरेको र विवरणलाई सकेसम्म त्रुटिरहित बनाउने प्रयास गरेको बताउनु हुँदै एकीकृत वित्तीय विवरण तयार पार्ने क्रममा संलग्न सबैलाई धन्यबाद दिनु भएको थियो।

प्रतिवेदन ग्रहण गर्दै माननीय महालेखापरीक्षकज्यूले लेखापालन एवं लेखापरीक्षण गर्ने जिम्मेवारी भएका निकायहरूले तथ्याङ्कले देखाए अनुसार नै भए गरेका कारोबारहरूको यथार्थ अवस्था प्रस्तुत गर्नुपर्ने बताउनु हुँदै समयमै एकीकृत वित्तीय विवरण पेश गर्न सफल भएकोमा महालेखा नियन्त्रक कार्यलय परिवार र संलग्न सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भएको थियो ।

नेपाल सरकारबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचा अनुरूप तयार पारिएको वित्तीय विवरणमा नेपाल सरकारका बजेटरी तथा गैर बजेटरी निकायहरूको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटरी निकायको बजेटको तुलनात्मक विवरण, सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण, सङ्घीय विभाज्य कोषको वार्षिक विवरण, सेवा तथा कार्यगत खर्चको एकीकृत विवरण, लेखा नीति तथा टिप्पणीहरू र अनुसूचीहरू समावेश भएका छन। साथै यस वित्तीय विवरणमा धरौटी, विविध कोष लगायतका विभिन्न कोष खाताहरूको विवरण, वैदेशिक सहायता सोधभर्नाको वार्षिक विवरण, नेपाल सरकारको ऋण दायित्वको वार्षिक विवरण, ऋण तथा शेयर लगानीको वार्षिक विवरण तथा सम्पत्तिको एकीकृत वार्षिक विवरणहरू समावेश गरिएको छ। वित्तीय विवरणमा समावेश भएका विवरणहरूको सङ्क्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

१. **सङ्घीय सञ्चित कोषको अवस्थाः**

आर्थिक वर्ष २०८०/८१ को शुरूमा सङ्घीय सञ्चित कोष कुल रू. १ खर्ब ८१ अर्ब २६ करोड ७३ लाखले ऋणात्मक रहेकोमा यस वर्ष कुल प्राप्ति रू. १३ खर्ब ३५ अर्ब २२ करोड ७४ लाख रहेको र कुल भुक्तानी रू. १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख तथा विनिमय दर वा अन्य समायोजन रू. १४ अर्ब ४४ करोड २८ लाख भएबाट यस आर्थिक वर्षको शुरूको मौज्दात समेतको समायोजनबाट आर्थिक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

वर्षको अन्त्यमा सङ्घीय सञ्चित कोष कुल रू. २ खर्ब २४ अर्ब ९९ करोड १३ लाखले ऋणात्मक रहेको छ ।

२. **बजेटरी र गैर बजेटरी निकायको नगद तथा बैङ्क मौज्दात:**

नेपाल सरकारको बजेटरी निकायको आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्मको नगद तथा बैङ्क मौज्दात रू. ८४ अर्ब ७८ करोड ४८ लाख ऋणात्मक रहेको र गैरबजेटरी निकायको सोही अवधिको नगद तथा बैङ्क मौज्दात ७१ अर्ब ८२ करोड ७३ लाख धनात्मक रहेकोले नेपाल सरकारको बजेट तथा गैर बजेटरी निकायको बाँकी नगद तथा बैङ्क मौज्दात १२ अर्ब ९५ करोड ७५ लाखले ऋणात्मक रहेको छ ।

३. **बजेटरी निकायको प्राप्ति र भुक्तानी:**

नेपाल सरकारको बजेटरी निकायको आर्थिक वर्ष २०८०/८१ मा राजस्व, अनुदान, अन्य प्राप्ति, लगानी तथा वित्तीय प्राप्ति गरी जम्मा प्राप्ति रू. १३ खर्ब ३५ अर्ब २२ करोड ७४ लाख रहेको छ भने नेपाल सरकारको बजेटरी निकायको भुक्तानी रकम रू. १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख रहेको छ । आर्थिक वर्ष २०८०/८१ को अन्तमा सङ्घीय विनिमय नाफा घाटा तथा अन्य समायोजन रू. १४ अर्ब ४४ करोड २८ लाख पश्चात सञ्चित कोष रू. ४३ अर्ब ७२ करोड ३९ लाखले ऋणात्मक रहेको देखिन्छ।

४. **गैर-बजेटरी निकायको प्राप्ति र भुक्तानी:**

नेपाल सरकारका मन्त्रालय तथा केन्द्रीय निकायहरूबाट प्राप्त विवरणको आधारमा गैरबजेटरी निकायको आर्थिक वर्ष २०८०/८१ मा राजस्व अनुदान, अन्य प्राप्ति, लगानी तथा वित्तीय प्राप्ति मार्फत जम्मा प्राप्ति रू. ७६ अर्ब ६४ करोड २७ लाख र जम्मा भुक्तानी रू.७८ अर्ब ६८ करोड ७४ लाख हुँदा कोष रू.२ अर्ब ०४ करोड ४६ लाखले ऋणात्मक छ। गत बर्षको नगद मौज्दात ७३ अर्ब ८७ करोड २० लाख रहेको हुँदा नगद बाँकी ७१ अर्ब ८२ करोड ७३ लाख धनात्मक रहेको छ ।

५. **राजस्व संकलन:**

आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारले उपयोग गर्ने राजस्व संकलनको लक्ष्य रू.१२ खर्ब ४७ अर्ब ६३ करोड ४२ लाख राखिएको रू.९ खर्ब ५६अर्ब २६ करोड ५६ लाख संकलन भएको छ ।

६. **खर्चको अवस्था:**

आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारको अन्तिम कायम बजेट रू.१७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बजेट कायम रहेकोमा जम्मा खर्च रू.१३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख रहेको छ। जसमा चालु तर्फको अन्तिम कायम बजेट रू.११ खर्ब ३२ अर्ब ५५ करोड ७२ लाखमा यथार्थ खर्च रू. ९ खर्ब २९ अर्ब ११ करोड ९० लाख भएको छ भने पुँजीगत अन्तिम बजेट ३ खर्ब ०९ अर्ब २६ करोड ११ लाख भएकोमा १ खर्ब ९२ अर्ब २ करोड ७३ लाख खर्च भएको छ । वित्तीय व्यवस्था तर्फको अन्तिम बजेट कुल रू. ३ खर्ब ९ अर्ब ४९ करोड ३६ लाख रहेकोमा कुल खर्च भने कुल रू.२ खर्ब ७२ अर्ब २४ करोड ७७ लाख रहेको छ ।

कुल खर्च रकममध्ये सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम तर्फ कुल रू.३ खर्ब ५ अर्ब ६३ करोड १५ लाख खर्च भएको छ भने सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने व्यय तर्फ सोझै भुक्तानी बाहेक रू.१० खर्ब ४० अर्ब ५८ करोड ६ लाख खर्च भएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

७. वित्तीय हस्तान्तरण:

नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहलाई सङ्घीय सञ्चित कोषबाट हस्तान्तरण गरिने रकम जम्मा रू.४ खर्ब ८ करोड ७० लाख अनुमान गरिएकोमा रू.३ खर्ब ३९ अर्ब ४१ करोड ६२ लाख हस्तान्तरण भएको छ। जसमा प्रदेश सरकारलाई रू. ७६ अर्ब १ करोड ९९ लाख र स्थानीय तहलाई रू.२ खर्ब ६३ अर्ब ३९ करोड ६२ लाख हस्तान्तरण भएको छ ।

८. धरौटी, कार्य सञ्चालन लगायत अन्य कोषहरू:

आर्थिक वर्ष २०८०/८१सम्ममा नेपाल सरकारको धरौटी, विविध, कार्यसञ्चालन कोष तथा अन्य कोष खाताहरूको सम्बन्धित बैंक खातामा यस आर्थिक वर्षसम्मको अन्तिममा रहेको मौज्दात रू.१ खर्ब ४० अर्ब २० करोड ६४ लाख छ ।

९. विभाज्य कोषको वार्षिक विवरण:

आर्थिक वर्ष २०८०/८१ मा विभाज्य कोषमा सङ्कलन भएको कुल रकम रू.४ खर्ब १९ अर्ब ६४ करोड ३१ लाख मध्येबाट रू.३ खर्ब ८०अर्ब ८१ करोड ८८ बाँडफाँट भएको र रू. ३८ अर्ब ८२ करोड ४३ लाख बाँडफाँट हुन बाँकी रहेको छ ।

१०. सेवा तथा कार्यगत खर्चको विवरण:

आर्थिक वर्ष २०८०/८१ मा बजेटरी निकायको सेवा तथा कार्यगत खर्च तर्फ कुल खर्च रू. ११ खर्ब ६२ अर्ब ५८ करोड ७२ लाख मध्ये सामान्य सार्वजनिक सेवा तर्फ रू. ५ खर्ब ४९ अर्ब ९६ करोड ६० लाख, रक्षा तर्फ रू. ५८ अर्ब ५७ करोड ६९ लाख, सार्वजनिक शान्ति सुरक्षा तर्फ रू. ७२ अर्ब ३३ करोड ६१ लाख, आर्थिक मामिलामा रू.१ खर्ब ९६ अर्ब ९६ करोड ६३ लाख खर्च भएको छ । यसै गरी वातावरण संरक्षण तर्फ रू.२ अर्ब ९० करोड ६३ लाख, आवास तथा सामुदायिक सुविधा तर्फ रू. ३१ अर्ब ३८ करोड ८४ लाख, स्वास्थ्य तर्फ रू. ४९ अर्ब ३६ करोड ८८ लाख, मनोरञ्जन संस्कृति तथा धर्म तर्फ रू. ४ अर्ब ११ करोड ७५ लाख, शिक्षा तर्फ रू. ५२ अर्ब ५३ करोड ३१ लाख र सामाजिक सुरक्षा तर्फ कुल रू.१ खर्ब ८१ अर्ब ६६ करोड ७० लाख खर्च भएको छ ।

११. पेश्की बाँकीको अवस्था:

आर्थिक वर्ष २०८०/८१ को अन्तमा नेपाल सरकारको बजेटरी निकायको कुल रू. १८ अर्ब १२ करोड १२ लाख पेश्की बाँकी रहेको छ ।जसमा म्याद ननाघेको पेश्की रू. ७ अर्ब ६६ करोड ६३ लाख र म्याद नाघेको पेश्की रू.१० अर्ब ४५ करोड ४९ लाख रहेको छ ।

१२. आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरूजु:

संघ तथा प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरूजु रकम रू.२१ अर्ब ५१ करोड ९६ लाख रहेको छ। जसमा नियमित गर्नुपर्ने बेरूजु रू.९ अर्ब १३ करोड ५० लाख, असुल गर्नुपर्ने बेरूजु रू.१ अर्ब ९२ करोड ९६ लाख र पेश्की बेरूजु रू.१० अर्ब ४५ करोड ४९ लाख रहेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

१३. ऋण दायित्वको विवरण:

आर्थिक वर्ष २०८०/ ८१ मा कुल रू. ३ खर्ब ६० अर्ब ८ करोड ७५ लाख ऋण प्राप्ति भएको छ यस मध्ये वैदेशिक ऋण रू. १ खर्ब २५ अर्ब ६६ करोड ६१ लाख र आन्तरिक ऋणातर्फ रू. २ खर्ब ३४ अर्ब ४२ करोड १४ लाख प्राप्ति भएको छ । यस आर्थिक वर्षमा कुल रू. २ खर्ब २३ अर्ब २७ करोड ९५ लाख ऋणको सावाँ भुक्तानी भएको छ । आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा नेपाल सरकारको बाँकी कुल ऋण दायित्व रू. २४ खर्ब ३४ अर्ब ९ करोड ९७ लाख रहेको छ ।कुल ऋण रकम मध्ये बाह्य ऋण रू.१२ खर्ब ५३ अर्ब १९ करोड ७९ लाख र आन्तरिक तर्फ रू.११ खर्ब ८० अर्ब ९० करोड १८ लाख दायित्व बाँकी रहेको छ ।

१४. ऋण तथा शेयर लगानीको विवरण:

आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारबाट रू. ४१ अर्ब ७५ करोड ७८ लाख आन्तरिक ऋण लगानी भएको छ भने सार्वजनिक संस्थानमा शेयर लगानी रू. ६ अर्ब ९९ करोड ४३ लाख तथा वैदेशिक शेयर लगानी रू.२१ करोड ६० लाख रहेको छ ।

१५. शोधभर्ना सम्बन्धी विवरण:

आर्थिक वर्ष २०८०/८१ मा ऋण तर्फ रू. ३६ अर्ब ५५ करोड १७ लाख शोधभर्ना प्राप्त भएको छ । शोधभर्ना हुन बाँकी ऋण रकम रू. १७ अर्ब ९ करोड २१ लाख रहेको छ । अनुदान तर्फ यस वर्ष रू. ११ अर्ब १६ करोड ५४ लाख शोधभर्ना प्राप्त भएको छ भने रू. ६ अर्ब ७४ करोड ५ लाख शोधभर्ना हुन बाँकी समेत गरी कुल रू.२३ अर्ब ८३ करोड २६ लाख रकम कुल शोधभर्ना हुन बाँकी रहेको छ ।

१६. जिन्सी तथा सम्पत्तिको विवरण:

आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा नेपाल सरकारका बजेटरी निकायको रू. ९७ अर्ब ८४ लाखको जिन्सी तथा सम्पत्तिको विवरण अभिलेख गरिएको छ भने गैर बजेटरी निकायहरूको रू. १९ अर्ब ९९ करोड ७० लाख रकमको जिन्सी तथा सम्पत्तिको अभिलेख रहेको छ ।

१७. भुक्तानी दिन बाँकी दायित्वको विवरण:

आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा नेपाल सरकारको बजेटरी निकायको कुल जम्मा रू.१५ अर्ब ३० करोड ६९ लाख रकम भुक्तानी दिन बाँकी दायित्व रहेको छ भने गैर बजेटरी निकायतर्फ यस्तो रकम रू. ११ अर्ब ६१ करोड ३ लाख रहेको छ ।

मितिः २०८१।०७।१४

(ओमप्रसाद रिजाल)
सूचना अधिकारी

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं